Jesus our Recreator God I

# येशू फेरि सृष्टि गर्नुहुने परमेश्वर

## भाग १

**परिचय**

वैज्ञानिकहरू र अरू धर्मावलम्बीहरूका संसारको सृष्टिप्रति जटिल धारणा भएता पनि बाइबलले यसबारे छोटकरीमा स्पष्ट वर्णन गरेको छ ।

**धर्मशास्त्रः उत्पत्ति १:१- "आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो ।"**

यस पदले हामीलाई स्वर्ग र पृथ्वीको सृष्टिबारे के बताउँछ ?

यदि हामीलाई बढी जानकारी चाहिएमा यूहन्नाको पुस्तकमा हेर्न सक्छौं ।

**धर्मशास्त्रः यूहन्ना १:१-३ "आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्रसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो । उहाँ आदिमा परमेश्रसँग हुनुहुन्थ्यो । सबै थोक उहाँद्वारा बनिए र बनेको कुनै पनि थोक उहाँविना बनिएन ।"**

२. आदिमा परमेश्वरसँग को हुनुहुन्थ्यो ?

.................................................................

.................................................................

३. यो वचनले हामीलाई के बताउँछ (पद ३) ?

.................................................................

.................................................................

कलस्सीको पत्रमा पावल प्रेरितले येशूको भूमिकाबारे अझ बढी जानकारी दिएका छन् ।

**धर्मशास्त्रः कलस्सी १:१५-१७ "उहाँ (येशू) अदृश्य परमेश्वर को प्रतिरूप, सारा सृष्टिका ज्येष्ठ हुनुहुन्छ किनकि उहाँमा नै सबैथोक सृष्टि भएका थिए: स्वर्गमा र पृथ्वीमाथि भएका दृश्य र अदृश्य थोकहरू, चाहे सिंहासनहरु, चाहे प्रभुत्वहरू, चाहे प्रधानताहरू, चाहे अधिकारहरू सबैथोक उहाँद्वारै र उहाँकै निम्ति सृजिएका हुन् । उहाँ नै सबै कुराहरूभन्दा अगाडि हुनुहुन्छ र उहाँमा नै सबै कुरा बाँधिएर रहेका छन् ।"**

४. पावलले येशूको बारेमा कसरी वर्णन गरेका छन् ?

.................................................................

.................................................................

५. उहाँले के गर्नुभयो ?

.................................................................

.................................................................

हो, येशू सृष्टिकर्ता परमेश्वर हुनुहुन्छ, तर उहाँ त्यतिमात्र हुनुहुन्न ।

जब हामी प्रभुकहाँ आउँछौं हाम्रो हृदय, विचारमा परिवर्तन आउँछ । हाम्रो शब्द 'रिपेन्टेन्स' (पश्चाताप) ग्रीक भाषाको Metanoea बाट आएको हो, जसको अर्थ 'भिन्दै तरिकाले सोच्नु हुन्छ' ।

**धर्मशास्त्र रोमी ८:५-६ "किनभने पाप स्वभावअनुसार चल्नेहरूले शरीरका कुरामा मन लगाउँछन्, तर आत्माअनुसार चल्नेहरूले आत्माका कुरामा मन लगाउँछन् । ...तर पवित्र आत्मामा मन लगाउनु जीवन र शान्ति हो ।"**

६. आत्माअनुसार चल्नेहरूले आफ्नो मन केमा लगाएका हुन्छन् ?

.................................................................

.................................................................

७. आत्मामा मन लगाउनु के हो ?

.................................................................

.................................................................

प्रेरित पत्रुसले यसमा थप्दै भन्छन्:

**धर्मशास्त्रः २ पत्रुस १:३-४ "आफ्नो महिमा र श्रेष्ठताद्वारा हामीलाई बोलाउनुहुनेलाई हामीले चिनेका हुनाले परमेश्वरको दिव्य शक्तिद्वारा जीवित र भक्तिको निम्ति हामीलाई चाहिने प्रत्येक थोक उहाँले दिनुभएको छ । यसैद्वारा उहाँले हामीलाई उहाँको अनमोल र महान् प्रतिज्ञाहरू दिनुभएको छ, कि यस संसारका कुइच्छाबाट आउने भ्रष्टताबाट उम्केर तिमीहरू ईश्वरीय स्वभावमा सहभागी होओ ।"**

८. परमेश्वरको दिव्य शक्तिमार्फत हामीले के प्राप्त गरेका छौं ?

.................................................................

.................................................................

९. परमेश्वरको दिव्यशक्तिमार्फत हामीलाई अरू के दिइएको छ ?

.................................................................

.................................................................

हो, येशू केवल सृष्टिकर्ता परमेश्वरमात्र हुनुहुन्न, तर उहाँ पुनः सृष्टि गर्नुहुने परमेश्वर पनि हुनुहुन्छ। जब हामी बचाइन्छौं, हाम्रो पापपूर्ण जीवनबाट बाहिर निकालिन्छौं। येशूले हामीमा पुनः सृष्टिगर्ने प्रक्रिया सुरु गर्नुहुन्छ। एक नयाँ जीवन - हो एक नयाँ सृष्टि।

तपाईं आफ्नै जीवनबारे विचार गर्नुहोस्। तपाईंले येशूलाई विश्वास गरेदेखि तपाईंमा के परिवर्तन आएको छ, जसले तपाईंलाई एउटा नयाँ सृष्टि बनाएको छ ? अथवा बाइबलका व्यक्तिहरूलाई विचार गर्नुहोस्। कतिजनालाई येशू प्रभुले सृष्टिमात्र गर्नुभएन, तर पुनः सृष्टि पनि गर्नुभयो।

येशूले हामीलाई बचाउनुभएपछि कसरी पुनः सृष्टि गर्नुहुन्छ भन्ने कुरा हेर्न यस अध्यायमा हामी तपाईंलाई आफ्नो कल्पना प्रयोग गर्न आग्रह गर्दछौं।

## हाम्रो अध्ययन

### जखायस (जक्कै)

एकजना कर उठाउने व्यक्ति, जखायस् येशू प्रभुलाई हेर्न चाहन्थ्यो। ऊ एउटा पुड्को मान्छे थियो, त्यसैले नेभाराको रुख चढ्यो।

**धर्मशास्त्रः लूका १९:५-६, ८-१० "...उहाँ (येशू) ले मास्तिर हेरेर तिनलाई भन्नुभयो, 'ए, जखायस चाडो ओर्लेर आऊ किनभने आज मलाई तिम्रो घरमा बस्नुपर्ने छ।' तिनी झट्टै ओर्लेर आएः अनि खुसिसाथ उहाँको सत्कार गरे। जखायसले खडा भएर प्रभुलाई भने, 'प्रभु हर्नुहोस् म आफ्नो सम्पतिको आधा भाग गरिबहरूलाई दिन्छु र कोहीबाट अन्यायपूर्वक केही लिएका छु भने म त्यसको चारगुणा फिर्ता गरिदिनेछु।' तब येशूले तिनलाई भन्नुभयो, 'आज यस घरमा मुक्ति आएको छ। ...किनभने मानिसको पुत्र हराएकालाई खोज्न र बचाउन आएको हो।'"**

१०. येशूले जखायसलाई के भन्नुभयो ?

.................................................................

.................................................................

११. उहाँहरूको भेटघाटको परिणाम के थियो ?

.................................................................

.................................................................

१२. येशूको प्रतिक्रिया के थियो ?

.................................................................

.................................................................

तपाईंको विचारमा जखायसले येशूलाई भेटेपछि उसको जीवन कस्तो भयो होला ?

### तलाउमा चङ्गाई

एकपटक, येशूको एकजना अठ्तीस वर्षदेखि अशक्त रहेको व्यक्तिसँग आकस्मिक भेट भयो।

**धर्मशास्त्रः यूहन्ना ५:८-९ "येशूले त्यसलाई भन्नुभयो, 'खडा होऊ र आफ्नो ओछ्यान उठाऊ र हिँड।' तुरुन्तै त्यो मानिस निको भयो र आफ्नो ओछ्यान बोकी ऊ हिँडिहाल्यो।"**

१३. येशूले अशक्त व्यक्तिलाई के भन्नुभयो ?

.................................................................

.................................................................

१४. त्यसपछि के भयो ?

.................................................................

.................................................................

**धर्मशास्त्रः यूहन्ना ५:१४- "त्यसपछि येशूले त्यसलाई ... भेट्टाएर भन्नुभयो, 'हेर तिमी निको भएका छौ। फेरि पाप नगर र तिमीमाथि अझ बढी खराबी आइनपरोस्'"**

१५. येशूले पछि त्यस व्यक्तिलाई भेटेर के भन्नुभयो ?

.................................................................

.................................................................

त्यो व्यक्ति निको भएपछिको जीवनबारे व्याख्या गर्नुहोस्।

लूकाको पुस्तकमा फेरि येशूको भेट भूतात्माबाट सताइएको व्यक्तिसँग भएको विवरण पाउँछौं । येशूले ती भूतात्माहरूलाई नजिकको सुँगुरको बथानमा जान आज्ञा दिनुभयो ।

**धर्मशास्त्र: लूका ८:३५-३७ "अनि जे भएको थियो, त्यो हेर्नलाई मानिसहरू येशूकहाँ आए र जुन मानिसहरूबाट भूतहरू निस्केका थिए। त्यसलाई लुगा लगाएर सद्दे मनको भई येशूको चरणमा बसिरहेको भेट्टाए र तिनीहरू भयभित भए ।"**

१६. अब त्यो मान्छे कस्तो थियो ?

..................................................................

..................................................................

१७. मानिसहरूको प्रतिक्रिया कस्तो थियो ?

..................................................................

..................................................................

**धर्मशास्त्र: लूका ८:३८-३९ "तर जुन मानिसहरूबाट भूतहरू निस्केका थिए, त्यसले उहाँको साथमा जान पाउँ भनी उहाँहरूलाई बिन्ती गर्न लाग्यो । तर येशूले त्यसलाई यसो भनेर बिदा दिनुभयो, 'तिमी आफ्नो घर फर्क र परमेश्वरले तिम्रो निम्ति कति ठूलो काम गर्नुभयो, सो घोषणा गर ।' तब त्यो गयो र येशूले त्यसको निम्ति कति ठूलो काम गर्नुभएको थियो, सो सारा सहरभरि प्रचार गर्न लाग्यो ।"**

१८. त्यस मानिसले येशूलाई के सोध्यो ?

..................................................................

..................................................................

१९. येशूको प्रतिक्रिया कस्तो थियो ?

..................................................................

..................................................................

तपाईंको विचारमा त्यस मानिसले त्यसपछि के गऱ्यो होला ?

**धर्मशास्त्र: मत्ती ९:१० -१३ "उहाँ खान बस्नुभएको बेला, धेरै कर उठाउनेहरू र पापीहरू आएर येशू र उहाँका चेलाहरूसँग खान बसे । जब फरिसीहरूले त्यो देखे, तब उहाँका चेलाहरूलाई भने, 'किन तिमीहरूका गुरु कर उठाउनेहरू र पापीहरूसँग खान्छन् ?' यो सुनेर उहाँ (येशू) ले भन्नुभयो, 'निरोगीहरूलाई दैवको आवश्यकता हुदैन, तर रोगीहरूलाई हुन्छ । ...म बलिदान होइन, दया चाहन्छु किनकि म धर्मीलाई होइन, तर पापीहरूलाई बोलाउन आएँ ।'"**

२०. येशू खान बस्नुभएको बेला मत्तीको घरमा को आए: ?

..................................................................

..................................................................

कर उठाउनेहरू, जुनहरू रोमीहरूका हातमा 'बेचिएका थिए', उनीहरू ज्यादै पापीहरूमध्ये गनिन्थ्ये ।

२१. फरिसीहरूले चेलाहरूलाई के सोधे ?

..................................................................

..................................................................

२२. येशूले उनीहरूलाई के जवाफ दिनुभयो ?

..................................................................

..................................................................

तपाईंको विचारमा येशू यी मानिसहरूसँग खान बस्नुभएको कुराको कस्तो असर पऱ्यो होला ?
व्याख्या गर्नुहोस् ।

हो, वास्तवमा येशू प्रभु पुन: सृष्टि गर्नुहुने परमेश्वर हुनुहुन्छ ।

हामीले हेऱ्यौ येशूले 'नयाँ सृष्टि' को काम जखायसको जीवनमा, एउटा अशक्त व्यक्ति, एक शैतानबाट सताइएको मानिस र कर उठाउनेहरू र पापीहरूका जीवनमा गर्नुभयो । यसको दोस्रो पाठमा येशूको अरू केही मानिसहरूसँग भएको आकस्मिक भेट र उनीहरूलाई के भयो त्यसबारे हेर्नेछौं ।

**उत्तरहरू**

१. परमेश्वरले ती सबैथोक सृष्टि गर्नु भएको थियो,

२. वचन-येशू,

३. सबै थोक उहाँद्वारा नै बनिए,

४. येशू अदृश्य परमेश्वरको प्रतिरूप, सारा सृष्टिको ज्येष्ट। स्वर्ग र पृथ्वीमा भएका दृश्य र अदृश्य थोकहरू चाहे सिंहासनहरू, चाहे प्रभुत्वहरू, चाहे प्रधानताहरू चाहे अधिकारहरू, सबै थोकहरू उहाँद्वारा र उहाँकै निम्ति सृजिएका हुन् । उहाँ नै सबै कुराहरूभन्दा अगाडि हुनुहुन्छ र उहाँमा नै सबै कुराहरू बाधिएर रहेका छन्,

५. सबै थोकको सृष्टि गर्नुभयो,

६. आत्माले जे इच्छा गर्छ,

७. जीवन र शान्ति,

८. सबैथोक हामी, जीवन र ईश्वरत्वको लागि चाहन्छौं,

९. हामी पवित्र प्रकृतिमा भाग लिन्छौ र खराब इच्छाबाट आएका संसारका दुष्टताबाट बाहिर निस्कन्छौं,

१०. "तिमी झट्टै तल जाऊ । आज म तिम्रो घरमा बस्छु,

११. जखायसले भन्यो, "मसँग भएको आधा सम्पति म गरीबहरूलाई बाडिदिन्छु र यदि मैले कसैको ठगेको छु भने उसलाई त्यसको चारभाग फिर्ता दिनेछु,

१२. आज यस घरमा मुक्ति आएको छ, मानिसको पुत्र हराएकालाई खोज्न र बचाउन आएको हो,

१३. 'खडा होऊ र आफ्नो ओछ्यान उठाऊ र हिड',

१४. त्यो मानिस निको भयो, उसले आफ्नो ओछ्यान उठायो र हिड्यो,

१५. पाप नगर र तिमीहरूमाथि अझबढी खराबी आई नपरोस्,

१६. सद्दे मनको भई येशूको पाउमा बसिरहेका,

१७. तिनीहरू भयभीत भए,

१८. उहाँसँग जान चाह्यो,

१९. येशूले त्यस मानिसलाई भन्नुभयो, "आफ्नो घर फर्केर जाऊ र परमेश्वरले जे गरिदिनुभएको छ, सबैलाई बताऊ",

२०. धेरैजना कर उठाउनेहरू र पापीहरू,

२१. "किन तिमीहरूका गुरु कर उठाउनेहरू र पापीहरूसँग बसेर खानुहुन्छ ?",

२२. "निरोगीहरूलाई वैद्यको आवश्यकता हुदैन, तर रोगीहरूलाई हुन्छ । ...'म बलिदान होइन तर दया चाहन्छु, किनकि म धर्मीहरूलाई होइन, तर पापीहरूलाई बोलाउन आएँ ।"

यस प्रकाशनका सम्पूर्ण धर्म शास्त्रीय वचन पवित्र बाइबलबाट लिइएको हो ।

All rights reserved.
Translated & Printed by: Aglow International-Nepal
c/o P.O. Box 3358, Kathmandu, Nepal